नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:- २२६

मितिः- २०८०/०९/०८

श्री स्थानीय निकायहरु सबै

विषयः- राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च नं ५७ मिति २०८०।९।५ को पत्रको सन्दर्भमा मिति २०८०।९।४ गते माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको प्रमुख आतिथ्यमा बसेको बैठकले यही पौष ११ गते अन्तरपुस्ता सीप हस्तान्तरण, अन्तरकृया कार्यक्रम सहित **ज्येष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान** मुल नाराका साथ ज्येष्ठ नागरिक दिवस मनाउने निर्णय भएको हुँदा पत्रको छायाँकपि यसैसाथ संलग्न राखी पठाइएको छ। सोही अनुसार गर्नुहुन आदेशानुसार अनुरोध छ।

०८।०८

(आयुषी भट्टराई)
शाखा अधिकृत

बोधार्थ :-

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।

श्री सुचना तथा प्रबिधि शाखाः- website मा अपलोड गरीदिनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

(ज्येष्ठ नागरिक संरक्षण शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं.: ४२००१६५
Email:- info@mowcsc.gov.np
www. mowcsc.gov.np

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 2368
दर्ता मिति:- ९/६

पत्र संख्या ०८०/०८१
च.नं. ज्ये.ना.सं.शा./ 76

मिति २०८०/०९/०५

विषयः राष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाउने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार काठमाडौं ।

उपरोक्त विषयमा हरेक बर्षको पौष ११ गतेका दिन राष्ट्रिय ज्येष्ठ नागरिक दिवस कार्यक्रम मनाउँदै आए बमोजिम यस वर्ष पनि "ज्येष्ठ नागरिकको सम्मान, हाम्रो सभ्यताको पहिचान" भन्ने नारा सहित यो दिवस मनाउने कार्यक्रम रहेकोछ।सो सन्दर्भमा मिति २०८०।०९।०४ गते माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको प्रमुख आतिथ्यमा बसेको बैठकले तहाँ मन्त्रालयमार्फत स्थानीय तहलाई "ज्येष्ठ नागरिकको सम्मान : हाम्रो सभ्यताको पहिचान" नारा सहित अन्तरपुस्ता सीप हस्तान्तरण, अन्तरकृया कार्यक्रम समेत समावेश गरी स्थानीय अवस्था अनुसार विभिन्न कार्यक्रम सहित भव्य रुपमा ज्येष्ठ नागरिक दिवस मनाउन अनुरोध गर्ने निर्णय भएकाले सबै स्थानीय तहहरुलाई सोही व्यहोरा जानकारी गराई दिनुहुन निर्णयानुसार अनुरोध छ।

स्थानीय तह समन्वय शाखा
परिपत्र गर्नु

२०८०/०९/०५
(संध्या कुमारी यादव)
महिला विकास अधिकृत